प्रदेश सरकार
सामाजिक विकास मन्त्रालय
प्रदेश नं १
विराटनगर

**प्रथम पटक सूचना प्रकाशित भएको मिति: २०७५/०७/१२**

**सूचना नं.१-०७५/०७६**

**सामाजिक विकास मन्त्रालय प्रदेश नं. १ विराटनगर लाई खुल्ला सिलवन्दी दरभाउपत्रका माध्यम बाट सवारी साधनहरु (मोटरसाईकल तथा स्कुटर) खरिद गर्नुपर्ने भएको हुँदा उक्त काम गर्न इजाजतपत्र प्राप्त इच्छुक फर्म, सप्लायर्स, कम्पनि वा संथाहरुले प्रथम पटक सुचना प्रकाशन भएको मितिले १५ औ दिन सम्म कार्यलय समय भित्र प्रति प्याकेज राजस्व रकम रु १०००।०० (एक हजार मात्र) कादरले फिर्तानहुने गरी यस मन्त्रालयको लेखा शाखामा बुझाइ फर्म, सप्लायर्स, कम्पनि, संस्था दर्ता नविकरण प्रमाणीत प्रतिलिपि स्थायी लेखा नम्बर, नागरीकताको प्रमाणपत्र र आ.व २०७४।०७५ सम्मको कर चुक्ता वा म्याद थप गरेको प्रमाणपत्रहरुको मान्यता प्राप्त नोटरी पब्लीक बाट प्रमाणीत गराई रु १० को टिकट टास गरी निवेदन साथ संलग्न राखी प्रोपाईटर स्वयं उपस्थीत भई वा आधिकारिक मन्जुरीनामा सहित प्रतिनिधि पठाई मोटरसाइकल र स्कुटरको छुट्टा छुट्टै दरभाउपत्र खरीद गर्न यो सुचना प्रकाशित गरीएको छ।**

१. शिलबन्दी दरभाउपत्र फाराम पेश गर्दा यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले १६ औ दिनको दिनको १२:०० बजे भित्र शिलबन्दी खाममा यस कार्यालयलाई सम्बोधन गरी कामको विवरण, नाम, ठेगाना, फोन नं. समेत खुलाई आधिकारिक व्यक्तिद्वारा शिलबन्दी दरभाउपत्र यसकार्यालयमा दर्ता गराउन सकिने छ । दर्ता हुनआएको फाराम कार्यालय प्रमुख/आधिकारिक व्यक्तिको दस्तखत तथा यस मन्त्रालयको छापलागेको हुनु पर्नेछ ।
२. दर्ता भएका फारमहरु १६ औं दिनको दिनको २:०० बजे दरभाउपत्रदाता वा निजका प्रतिनिधिहरु र मन्त्रालयका प्रतिनिधिहरुको रोहवरमा यस मन्त्रालयमा खोलिने छ । दरभाउपत्रदाता वा निजहरुका प्रतिनिधिहरु उपस्थित नभएमापनि शिलबन्दी दरभाउपत्र खोल्न बाधा पर्ने छैन ।
३ दरभाउपत्र खरिद गर्ने र दाखिला गर्ने अन्तिम दिन सार्वजनिक बिदा परेमा उक्त कार्य बिदाको लगत्तै पछि कार्यालय खुलेको दिन सोही समयमा हुनेछ ।
४. सिलवन्दी दरभाउपत्रसाथ सूचनामा उल्लेखित जमानत वापतको रकम मान्यता प्राप्त वाणिज्य वैंकबाट यस कार्यालयको नाममा जारी भएको दरभाउपत्र पेश गर्ने अन्तिम मिति बाट ७५ दिन सम्म म्याद भएको जमानतपत्र (विडवण्ड) पेश गर्नु पर्नेछ ।
५. दरभाउपत्र स्वीकृत भएपछि सम्झौता गर्न आउँदा बोलकबोल अंकको ५ प्रतिशतले हुने रकम बराबरको दरभाउपत्र खोल्ने म्याद बाट १३ महिना सम्म म्याद भएको यस मन्त्रालयको नाममा मान्यता प्राप्त वाणिज्य वैंक बाट जारी भएको कार्य सम्पादन जमानत (परफरमेन्स वण्ड) पेश गर्नु पर्नेछ ।
६. दरभाउपत्रमा दर अंक र अक्षर दुवैमा स्पष्ट लेख्नु पर्नेछ । अंक र अक्षरबीचमा फरक परेमा अक्षरमा लेखिएकोलाई मान्यता दिइनेछ । दररेट उल्लेख गर्दा केरमेट गरेको वा टिपेक्स लगाएको स्थानमा सहीछाप नभएको, कार्यालय बाट विक्रि भएको फाराम भरी नआएको दरभाउपत्र फाराम उपर कुनै कारवाही हुने छैन ।
७. दरभाउपत्र दाखिला गर्दा फर्म, कम्पनी वा सप्लायर्सले खरिद कारवाहीमा भागलिन अयोग्य नभएको, सो कार्यमा आफ्नो स्वार्थ नबाझिएको तथा सम्बन्धित पेशा व्यवसायको कसुरमा आफुले सजाय नपाएको भनिलिखित रुपमा गरेको घोषणापत्र सम्बन्धी कागजात साथ पेश गर्नु पर्नेछ । घोषणापत्र संलग्न नभएको दरभाउपत्रउपर कुनै कारवाहीहुने छैन ।
८. दरभाउपत्र पेश गर्दा मुल्य अभिबृद्धि कर बाहेकको दर पेश गर्नु पर्नेछ । दरभाउपत्रदाताले कबोल गरेको जम्मा अंक यस कार्यालयको इष्टिमेट अंक वा सो भन्दा कम हुनु पर्नेछ ।
९. यस सम्बन्धी स्पेशिफिकेशन तथा अन्य आवश्यक विवरणहरु दरभाउपत्र फाराम साथ उपलब्ध गराईने छ । आपुर्तीकर्ताले स्पेशिफिकेसन अनुसारको सामान उपलब्ध नगराएमा सामान स्वीकार गर्न कार्यालय वाध्यहुने छैन ।
१०. दरभाउपत्र फाराममा उल्लेखित सम्पूर्ण आइटमहरुको दररेट अनिवार्य रुपमा उल्लेख गर्नु पर्नेछ, आंशिक रुपमा भर्न पाइने छैन ।
११. प्रचलित नियमानुसार रित नपुगेको, म्यादनाघिआएको र शर्त राखिएको दरभाउपत्रउपर कुनै कारवाहीहुने छैन ।
१२. एक फर्मको नाममा खरिद गरिएको दरभाउपत्र अर्को, व्यक्ति वा फर्मको नाम बाट दाखिला गर्न पाइने छैन ।
१३. दरभाउपत्र पुरै वा आंशिक रुपमा स्वीकार गर्ने वा अस्वीकार गर्ने सम्पूर्ण अधिकार यस मन्त्रालयमा निहित रहने छ ।
१४. आपुर्ती गरिने सामान दरभाउपत्रमा उल्लेख भएअनुसारको स्पेसिफिकेशन बमोजिमको हुनु पर्नेछ ।
१५. कार्यालय सम्म सामान आपुर्ती गर्न लाग्ने ढुवानी, अन्य करहरु, नामसारी गर्दा लाग्ने दस्तुर तथा नम्वरप्लेट लेखाई सहितका सम्पुर्ण रकम दरभाउपत्रदाता स्वयंले व्यहोर्नु पर्नेछ ।
१६. यस सूचनामा उल्लेख हुन छुट भएका कुराहरु कार्यालय बाट उपलब्ध गराईएको दरभाउपत्र कागजात अनुसार र अन्य कुराहरुको हकमा सार्वजनिक खरिद ऐन २०६३ तथा सार्वजनिक खरिद नियमावली २०६४ एवम् प्रचलित ऐन नियमानुसार हुनेछ ।

**कामको विवरण**

| सि.नं. | प्याकेज नं. | सवारी साधन | सवारी साधनको संख्या | खरिदको माध्यम | फाराम दस्तुर रू | (विड बण्ड रकम) रू | सूचना |
|---|---|---|---|---|---|---|---|
| १. | १/२०७५।७६ | मोटरसाइकल | ५ | शिलबन्दी दरभाउ पत्र | १,०००।०० | २६०००।०० | १५दिन |
| २ | २/२०७५।७६ | स्कुटर | १० | शिलबन्दी दरभाउ पत्र | १,०००।०० | ५००००।०० | १५दिन |

सचिव